## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः १० मितिः २०८१/०३/३१

भाग-२

## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,को दफा को
उपदफा (३) बमोजिम आठविसकोट नगर सभाबाट स्वीकृत एनहरु सर्वधारणका लागि
स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ।

## विनियोजन ऐन, २०८१

नगर सभामा पेश भएको मिति: २०८१/०३/१०

नगर सभाबाट पारित भएको मिति: २०८१/०३/११

प्रमाणिकरण भएको मिति: २०८१/०३/२४

आठविसकोट नगरपालिका

आठविसकोट नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## आठविसकोट, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

# विनियोजन ऐन, २०८१

आठविसकोट नगरपालिका

रुकुम (पश्चिम)

आठविसकोट नगरपालिका

आठविसकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल।

## **विनियोजन ऐन, २०८१**

आठविसकोट नगरपालिका

**आठविसकोट नगरपालिकाको विनियोजन ऐन, २०८१**

आठविसकोट नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१

प्रस्तावना : आठविसकोट नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप धारा (२) बमोजिम आठविसकोट नगर कार्यपालिकाले यो विनियोजन ऐन बनाएर नगर सभामा पेश गरेको छ।

१.**संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम आठविसकोट **नगरपालिकाको विनियोजन ऐन, २०८१** रहेको छ।

(२) यो विधेयक २०८१ साउन १ गते देखि आठविसकोट नगरपालिका क्षेत्रभरी लागू हुनेछ।

२. **आर्थिक वर्ष २०८१/८२ को लागि संञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :-** (१) आर्थिक वर्ष २०८१/८२ को लागि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसुची-१ मा उल्लेखित चालु, पूँजीगत खर्चको रकम समेत गरी जम्मा रु. **७२,७६,६१,०३१/०० (अक्षेरेपी बहत्तर करोड छहत्तर लाख एकसट्ठी हजार एकतीस रुपैया मात्र)** मा नबढाइ निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन:-** (१) यस ऐनद्धारा संञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष **२०८१/८२** को लागि आठविसकोट नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको रकमको २५% नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय

व्यवस्था अन्तरगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर, चालु तथा पूँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५% भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृती लिनु पर्नेछ ।

**४. जग्गा खरीद प्रक्रियालाई सरल र** सहज बनाई नगरपालिका, वडा कार्यालय, विद्यालय एवम् अन्य सरकारी निकायहरुको लागि आवश्यक संरचना निर्माणको कार्यलाई तीव्रता दिन प्रचलित बजार मुल्य, जग्गाको न्यूनतम मूल्याङ्कन र नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको मूल्याङ्कन समेतलाई विश्लेयण गरी नगर कार्यपालिकाबाट लागत अनुमान स्वीकृत गरी सोही लागत अनुमानमा उल्लेखित दर भन्दा बढी नहुने गरि संघीय सार्वजनिक खरिद ऐन र आठविसकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली बमोजिमको प्रक्रिया अवलम्वन गरी खरिद गर्न सकिनेछ ।

**५. विविधः-** (१) आयोजना व्यवस्थापन खर्च (कन्टिजेन्सी) सम्बन्धमा देहाय बमोजिम गर्ने,

क.) कुल कन्टीजेन्सी रकमको १०% ले हुन आउने रकम विपद् व्यवस्थापनको लागि आकस्मिक कोषमा जम्मा गर्नु पर्नेछ र प्राकृतिक प्रकोप पिडित राहत वितरण सम्बन्धी कार्यविधी, २०७४ अनुसार उद्धार, राहत, पुनर्स्थापना र पुन:निर्माणको लागि उक्त रकम खर्च गर्न सकिनेछ ।

ख.) कुल कन्टीजेन्सी रकमको ५% ले हुन आउने रकम आर्थिक सहाययता सम्बन्धी कार्यविधी, २०७४ अनुसार आकस्मिक कोषमा जम्मा गरी खर्च गर्नु सकिनेछ ।

ग.) कुल कन्टीजेन्सी रकमको ६०% रकम पुँजीगत प्रकृतिका कार्यक्रम(आयोजना सञ्चालनको लागि आवश्यक उपकरण खरिद, भौतिक संरचना निर्माण लगायतमा) र २५% रकम चालु प्रकृतिका कार्यक्रमहरु (उपभोक्ता समितिहरुको सशक्तिकरण, आयोजनामा खटिने कर्मचारीहरुको सेवा सुविधा तथा अनुगमन समितिको खर्च आयोजनासँग सम्बन्धित सामग्रीहरु खरिद लगायतमा)को लागि खर्च गर्नु पर्नेछ ।

घ.) खण्ड क., ख. र ग. मा उल्लेख भए अनुसारको मापदण्डको अधिनमा रही नगर कार्यपालिकाले कन्टीजेन्सी वापतको रकमको लागि योजना तथा कार्यक्रम बनाइ कार्यान्वयन गर्न सक्नेछ ।

(२) आयोजना कार्यान्वयनको लागि नगर कार्यपालिकाले कार्यान्वयन कार्ययोजना र समय तालिका बनाई लागू गर्नुपर्नेछ । आयोजना कार्यान्वयन कार्ययोजनामा अनुगमन तथा मूल्याङ्कनको लागि समेत कार्ययोजना बनाई लागू गर्नु पर्नेछ । कार्यक्रम कार्यन्वयन कार्ययोजना बनाउँदा मंसीर मसान्तभित्र स्वीकृत कार्यक्रमहरु

कार्यान्वयनको लागि सम्पूर्ण खरिद प्रक्रिया टुङ्ग्याई कार्यान्वयनको लागि सम्झौता गरिसक्नु पर्नेछ । धेरै लागत अनुमान भएका र कार्य सम्पन्न गर्न बढी समय आवश्यक पर्ने ठूला आयोजनाहरु बाहेक अन्य आयोजनाहरु आर्थिक वर्षको जेठ १५ गते भित्र सम्पन्न गरी भुक्तानी हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४) नगरपालिकाभित्र सञ्चालन हुने आयोजनाहरुको कन्टीजेन्सी वापतको रकम र जनसहभागिता बाहेकको रकम कटाएर हुन आउने रकमको १% बराबरको रकम मर्मत संभार कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) आर्थिक वर्ष २०८०/०८१ को असार मसान्तसम्म निरन्तर रुपमा कार्यरत रहेका कार्यसम्पादनस्तर सन्तोषजनक भएका कर्मचारीहरुको करार अवधि साविकको सेवा, शर्त र सुविधामा हुनेगरि म्याद थप गर्न सक्नेछ । करार कर्मचारिहरुको करार सेवा अवधि थप गर्दा निजले २०८१ असार मसान्तसम्म सम्पादन गरेको कार्य सम्पादनस्तर मापन गर्नुपर्नेछ । कार्यबोझ र कर्मचारीले पूरा गरेको जिम्मेवारीको स्तर हेरेर थप व्ययभार नहुने गरी नगर कार्यपालिकाले पारिश्रमिक तोक्न सक्नेछ । नगर कार्यपालिकाले कर्मचारीको कार्य सम्पादनस्तर, सेवाको प्रकृति र कार्यालयको कार्यबोझ समेतलाई विश्लेषण गरी एक प्रकृतिको पदमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई अर्को प्रकृतिको पदमा वा सेवा समूहमा काम गर्ने गरी जिम्मेवारी तोक्न वा सेवा समूह परिवर्तन गर्न सक्नेछ ।

(६) वडा समितिका पदाधिकारीहरुलाई बैठकको विषयवस्तु र त्यसको भारलाई विश्लेषण गरी महिनामा बढीमा २ वटा बैठकको मात्र बैठक भत्ता उपलब्ध गराइनेछ । कार्यालय समयमा भएका नियमित प्रकृतिका बैठकहरुमा बैठक भत्ता  उपलब्ध  गराइने छैन ।

(७) कार्यालयको काममा खटिने कर्मचारी तथा पदाधिकारीहरुलाई भ्रमण भत्ता उपलब्ध गराइनेछ । कार्यालय समय बाहेक अतिरिक्त समयमा नगरपालिकाको कामकाज गर्नेगरी कुनै कर्मचारी वा पदाधिकारीहरुलाई खटाइएमा कामको प्रकृति र कार्य सम्पादन प्रतिवेदनको विश्लेषण गरी खाजा वापतको रकम तथा अतिरिक्त समयमा कामकाज गरेको थप सुविधा उपलब्ध गराउन सकिनेछ ।

(८) नगरपालिकामा रहेका सरकारी सवारी साधनको प्रयोग व्यक्तिगत प्रयोजनमा गर्न पाइने छैन । यदि कोही कसैले व्यक्तिगत प्रयोजनमा प्रयोग गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले पहिलो पटक भए रु १०००।०० र पुन: प्रयोग गरेमा रु. ५०००।०० जरिवाना गर्न सक्नेछ । सरकारी सम्पत्ति दुरुपयोग गर्ने वा गर्न खोज्ने व्यक्तिहरुलाई कानुन बमोजिम थप कारवाही लागि सम्बन्धित निकायमा लेखि पठाउन सकिनेछ ।

(१०) सम्बन्धित वडा वा नजिकको वडामा स्थायी ठेगाना नभएका वडा नं १, २ र ३ मा करार सेवामा कार्यरत कर्मचारीहरुलाई नगर कार्यपालिकाले कार्यविधी बनाई स्थानीय भत्ता तथा प्रोत्साहन भत्ता उपलब्ध गराउनेछ । विगत देखि निरन्तर रुपमा कम्तिमा पाँच वर्ष वा सो भन्दा बढी अवधि स्थानिय निकाय/तहमा काम गरेका एवम् स्थानीय भत्ता खाईरहेका कर्मचारीहरुलाई निजहरुको नियुक्ति र सेवा शर्तको आधारमा स्थानिय भत्ता

उपलब्ध गराउन सकिनेछ। तर, स्थानिय भत्ता प्राप्त गरिरहेका करार कर्मचारीहरुको हकमा साविक बमोजिम नै हुनेछ।

(११) नगर कार्यपालिकाको निर्णयानुसार करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७४ अनुसार नगर प्रहरीको स्वीकृत दरबन्दीका रिक्त पदहरुमा अर्को कुनै व्यवस्था भएमा सोही बमोजिम हुने गरी तत्काल सेवा प्रवाहलाई निरन्तरता दिन संञ्चित कोषमा थप व्ययभार नपर्ने गरी करारमा कर्मचारी व्यवस्था गर्न सकिनेछ।

(१२) नगरपालिकाभित्र आफ्नो कार्यक्रम कार्यान्वयन गर्न चाहने सरकारी तथा गैर सरकारी संघसंस्थाहरुले बजेट तथा कार्यक्रम नगर कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ। साथै२३ नगरपालिकासँगको समन्वय विना त्यस्ता कार्यक्रम कार्यान्वयन गर्न पाईने छैन।

(१३) बजेट कार्यान्वयनको क्रममा वार्षिक बजेट कार्यक्रममा समावेश नभएको कुनै अत्यावश्यक दायित्व सिर्जना भएमा नगर कार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्नेछ।

अनुसुची-१

(दफा २ सँग सम्बन्धित रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ७ |
| २ | | नगर कार्यपालिका | **४३,२३,६७,०००.००** | **२९,५२,९४,०३१.००** | **७२,७६,६१,०३१.००** |
| जम्मा | | | **४३,२३,६७,०००.००** | **२९,५२,९४,०३१.००** | **७२,७६,६१,०३१.००** |

प्रमाणित गर्ने

दस्तखत :

नाम: रवि के.सी.

पद : नगर प्रमुख

प्रमाणिकरण मिति: २०८१/०३/२४